# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।०६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी वडा अध्यक्ष अर्जुन कुमार चौधरी र वडा सचिव माधव कुमार राय रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष अर्जुन कुमार चौधरी र सोही वडाका वडा सचिव माधव कुमार रायले बदनियत राखी आपसी योजना तथा मिलेमतोमा जग्गा दर्ता नामसारी गर्ने प्रक्रियामा सर्जमिन मुचुल्काको रोहवरमा सहिछाप गर्नको लागि वडा अध्यक्ष अर्जुन कुमार चौधरीले वडा सचिव माधव कुमार राय मार्फत घूस/ रिसवत माग गरी रु. ५०,०००।— रिसवत लिई लिन लगाई उक्त रकम वडा सचिव माधव कुमार रायले लगाएको ट्राउजरको अगाडिको बायाँपट्टी खल्तिमा राखेको अवस्थामा बरामद भएको सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादीहरु अर्जुन कुमार चौधरी र माधव कुमार रायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु. ५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना समेत हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८, दफा २९ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८०/०९/०६ को फैसलाबाट उक्त मुद्दाका प्रतिवादीहरूलाई-

- प्रतिवादी माधव कुमार रायको हकमा निजको साथबाट रु.५०,०००।-बरामद भएको देखिएको र निजले बरामद भएको तथ्य स्वीकार गरी बयान गरेको समेतका प्रमाणबाट निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम ३ महिना कैद र बिगो बमोजिम रु.५०,०००।- जरिवाना हुने ठहर गरी प्रतिवादी अर्जुन कुमार चौधरीको हकमा मिसिल संलग्न प्रमाणबाट आरोप दावी पुष्टि हुन नआएको भन्ने आधारमा निजले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको।
- प्रतिवादी अर्जुन कुमार चौधरीले आफूबाट कुनै रकम बरामद भएको पनि छैन भनी घूस/रिसवत मागेको र लिएको वा लिन लगाएको तथ्यमा पूर्णतः ईन्कार रही बरामद भएको रकम यीनै प्रतिवादी माधव कुमार रायले मागेको हुन सक्छ भनी बयान गरेको। प्रतिवादी अर्जुन कुमार चौधरीको हकमा मिसिल संलग्न प्रमाणबाट आरोप दावी पुष्टि हुन नआएको आधारमा आरोपीत कसूरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरू लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०६ मा पुनरावेदन गरिएको छः

**देहायः**

क) सेवाग्राहीले निवेदनमा उल्लेख गरेको नोट नम्वर र प्रतिवादी माधव कुमार रायको साथबाट बरामद भएको नोट नम्वर एकआपसमा मेल खाएको, खानतलासी गर्दा सचिवको साथबाट घूस वापतको रकम बरामद भएको हो, निजले मलाई फसाउनको लागि झुठो बोलेको हो भनी आरोपित कसूरमा ईन्कार रही बयान गरेतापनि उक्त बयानको सत्यता परीक्षणको लागि अनुसन्धानको क्रममा गरिने पोलिग्राफ परीक्षण गर्न प्रतिवादी अर्जुन कुमार चौधरी ईन्कार रहेबाट निजको ईन्कारी बयान प्रमाण ग्राह्य नदेखिएको, सेवाग्राहीले वडा अध्यक्षलाई रु. ५०,०००।-दिएकोमा वडाअध्यक्ष अर्जुन कुमार चौधरीले मलाई कति छ गन्नुहोस भनेको हो। मैले रकम गनेर

ठिक छ भनेपछि निजले उक्त रकम मलाई बाहिर दिनु भनेको हो। सेवाग्राहीले यो रकम वडा अध्यक्षलाई दिनु भन्दा मैले नमानेको हुँदा निजले मेरो खल्तिमा हालीदिएकोले मेरो खल्तिबाट बरामद भएको हो, उक्त वारदातमा म र अर्जुन कुमार चौधरीको सँलग्नता छ भन्ने व्यहोराको प्रतिवादी माधव कुमार रायले अनुसन्धानको क्रममा कसूरमा साबित भई गरेको बयानबाट प्रतिवादी अर्जुन कुमार चौधरीको ईन्कारी बयान खण्डित भईरहेको, कसूर ठहर हुने प्रतिवादीले मौकामा गरेको पोल, उजुरी निवेदकले मौकामा गरेको किटानी, घूस/ रिसवत लेनदेन भएको स्थानमा प्रतिवादीको सशरीर उपस्थिति, मुचुल्कामा प्रमाणित गर्ने अधिकार प्रतिवादी स्वयंमा निहित रहनु, बरामद भएको रकम वडा अध्यक्षकै निर्देशनमा वडा सचिवले स्वीकार गर्नु जस्ता परिस्थितीजन्य प्रमाणहरुले मालाकार कडीको रुपमा प्रतिवादी अर्जुन कुमार चौधरीको कसुर पुष्टी भईरहेको अवस्थालाई नजरअन्दाज गरी निजलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) प्रतिवादी माधव कुमार रायले अदालत समक्ष वयान गर्दा आरोपित कसूरमा पूर्णतः ईन्कारी वयान गरेको देखिएता पनि निजले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा आफ्नोसाथबाट घूस रिसवतको रकम बरामद भएको तथ्य स्वीकार गरेको भन्ने आधार लिई विशेष अदालत काठमाण्डौंले निज उपरको कसूर ठहर गरेको, वडा अध्यक्षले उक्त रकम तपाईले बुझेर मलाई बाहिर लगेर दिनु भनेको हो भनि निज प्रतिवादी माधव कुमार रायले उल्लेख गरेको ब्यहोराबाट प्रतिबादी अर्जुन कुमार चौधरीको कसुर खम्बिर भईरहेको अवस्थामा प्रतिवादी अर्जुन कुमार चौधरीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरबागी रहेको।

ग) कसूर ठहर भएका प्रतिबादी माधव कुमार रायको मोबाईल नम्बर र निवेदकले प्रयोग गर्ने मोबाईल बीच १५ पटक, निवेदकको मोबाईल नम्बर र प्रतिबादी अर्जुन कुमार चौधरीले प्रयोग गर्ने मोबाईल नम्बर बिच ५ पटक सम्पर्क भएको कल डिटेल मिसिल सम्लग्न रहेको, प्रतिवादीहरु द्वय र उजुरकर्ता बिच भएका सम्पर्क गैरकानूनी लाभकै उद्देश्य बाहेक अन्यथा काम सन्दर्भबाट भएको नदेखिदा यी सम्बद्ध सबुद लगायतका प्रमाणहरुबाट समेत प्रतिवादी अर्जुन कुमार चौधरीकै योजनामा निजले भने अनुरुप घूस/ रिसवत लेनदेन भएको भन्ने प्रतिबादी माधव कुमार राय र निवेदकको मौकाको भनाई खम्बिर भईरहेको अवस्थामा उल्लिखित प्रमाणहरुको विश्लेषण नगरी मुख्य कसुरदार अर्जुन कुमार चौधरीलाई सफाई दिने गरी भएको फैसला ईन्साफको रोहमा थप त्रुटिपूर्ण भई बदरभागी भएको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरीएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | अर्जुन कुमार चौधरी समेत (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०१४० र फैसला मिति २०८०/०९/०६) | परीक्षाको परीणाम फेरबदल गरेको। | जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ का का वडा अध्यक्ष अर्जुन कुमार चौधरी र सोही वडाका वडा सचिव माधव कुमार रायले बदनियत राखी आपसी योजना तथा मिलेमतोमा उजुरी निवेदक अनिल कुमार साह समेतसँग जग्गा दर्ता नामसारी गर्ने प्रक्रियामा सर्जमिन मुचुल्काको रोहवरमा सहिछाप गर्नको लागि वडा अध्यक्ष अर्जुन कुमार चौधरीले वडा सचिव माधव कुमार राय मार्फत घूस/रिसवत माग गरी मिति २०७९/१२/०८ गते रु. ५०,०००।— रिसवत लिई लिन लगाई उक्त रकम वडा सचिव माधव कुमार रायले लगाएको ट्राउजरको अगाडिको बायाँपट्टी खल्तिमा राखेको अवस्थामा | <u>विशेष अदालतको फैसलाः-</u><br>अदालतबाट प्रतिवादी माधव कुमार रायको हकमा निजको साथबाट रु.५०,०००।– बरामद भएको देखिएको र निजले बरामद भएको तथ्य स्वीकार गरी बयान गरेको समेतका प्रमाणबाट निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम ३ महिना कैद र बिगो बमोजिम रु.५०,०००।- जरिवाना हुने ठहर गरी प्रतिवादी अर्जुन कुमार चौधरीको हकमा मिसिल संलग्न प्रमाणबाट आरोप दावी पुष्टि हुन नआएको भन्ने आधारमा निजले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी फैसला भएको।<br><br><u>विशेष अदालतले प्रतिवादी अर्जुन कुमार चौधरीलाई सफाइ दिंदा लिएका आधारहरुः-</u><br>(क)प्रतिवादी अर्जुन कुमार चौधरीले आफुबाट कुनै रकम बरामद भएको पनि छैन भनी घूस/रिसवत मागेको र लिएको वा लिन | (क) जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ स्थित सिट नं. १३५५-१५ कि. नं. ३६ को जग्गाको सम्बन्धमा धनुषा जिल्ला अदालतको फैसला बमोजिम आफनो नाममा दर्ता कायम हुने जग्गाको लागि सर्जमिन टोली खटिई गएको अवस्थामा उक्त सर्जमिन मुचुल्काको रोहवरमा दस्तखत गर्न वडा अध्यक्ष समेत रहेका प्रतिवादी अर्जुन कुमार चौधरीले आलटाल गरी वडा सचिव माधव कुमार राय मार्फत रु.५०,०००।— (अक्षरेपि पचास हजार रुपैयाँ) माग गरेको हुँदा निजहरुले घूस/रिसवत वापतको रकम लिएकोमा प्रमाण सहित निजहरुलाई पक्राउ गरी पाउँ भन्ने व्यहोराको उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निगरानी गर्ने रोहन होटलको क्याबिनबाट प्रतिबादीहरू पक्राउ परेको देखिएको। सेवाग्राहीले निवेदनमा उल्लेख गरेको नोट नम्वर र प्रतिवादी माधव कुमार रायको साथबाट बरामद भएको नोट नम्वर एकआपसमा मेल खाएको। खानतलासी गर्दा सचिवको साथबाट घूस वापतको रकम बरामद भएको हो, निजले मलाई फसाउनको लागि झुठो बोलेको हो भनी आरोपित कसूरमा ईन्कार रही बयान गरेतापनि उक्त बयानको सत्यता परीक्षणको लागि अनुसन्धानको क्रममा गरीने पोलिग्राफ परीक्षण गर्न प्रतिवादी अर्जुन कुमार चौधरी ईन्कार रहेबाट निजको ईन्कारी बयान प्रमाण ग्राह्य देखिँदैन। उजुरी निवेदक, म र वडा अध्यक्ष रामजानकी मन्दिरको पछाडी रोहन होटलमा आएर सेवाग्राहीसँग फाईल सम्बन्धी कुराकानी गर्दा पैसा सम्बन्धी कुरा कसैलाई नभन्नु भनेपछि सेवाग्राहीले आफुलाई कामसँग मतलव भएकोले अरु कसैलाई नभन्ने भन्दै वडा अध्यक्षलाई रु. ५०,०००।— दिएकोमा वडाअध्यक्ष अर्जुन कुमार चौधरीले मलाई कति छ गन्नुहोस भनेको हो। मैले रकम गनेर ठिक छ भनेपछि निजले उक्त रकम मलाई बाहिर दिनु भनेको हो। सेवाग्राहीले यो रकम वडा अध्यक्षलाई दिनु भन्दा मैले नमानेको हुँदा निजले मेरो खल्तिमा हालीदिएकोले मेरो खल्तिबाट बरामद भएको हो, उक्त वारदातमा म र अर्जुन कुमार चौधरीको सँलग्नता छ भन्ने व्यहोराको प्रतिवादी माधव कुमार रायले अनुसन्धानको क्रममा कसूरमा साबित भई गरेको बयानबाट प्रतिवादी अर्जुन कुमार चौधरीको ईन्कारी बयान खण्डित भएको। is circumstantial evidence sufficient to convict public officials in bribery cases ? भन्ने सवालको व्याख्या गर्दै Neeraj Dutta v State (Govt of NCT of Delhi) भएको मुद्दामा भारतको सर्वोच्च अदालतको सम्बैधनीक ईजलासबाट june 19 2023 मा "public officials can be convicted for bribery on the basis of circumstantial evidence if there is no direct evidence." भन्ने सिद्धान्त प्रतिपादन भएको। कसूर ठहर हुने प्रतिवादीले मौकामा गरेको पोल, उजुरी निवेदकले मौकामा गरेको किटानी, घूस/रिसवत लेनदेन भएको स्थानमा प्रतिवादीको सशरीर उपस्थिति, मुचुल्कामा प्रमाणित गर्ने अधिकार प्रतिवादी स्वयंमा निहित रहनु, बरामद भएको रकम वडा अध्यक्षकै निर्देशनमा वडा सचिवले स्वीकार गर्नु जस्ता परिस्थितीजन्य प्रमाणहरुले मालाकार कडीको रुपमा प्रतिवादी अर्जुन कुमार चौधरीको कसुर पुष्टी भईरहेको अवस्थालाई नजरअन्दाज गरी निजलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा पुनरावेदन गर्नुपर्ने अवस्था रहेको।<br>उल्लिखित प्रमाणहरुको अलावा जग्गा दर्ता नामसारी गर्ने प्रक्रियामा सर्जमिन मुचुल्काको रोहवरमा बस्नको लागि वडा अध्यक्ष अर्जुन कुमार चौधरीले वडा सचिव मार्फत रु.५०,०००।— दिएमा मात्र सहिछाप गरीदिन्छु भनेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासमा खबर गरी निवेदन दिएर निजहरुलाई रकम दिएको हो। यस घटनामा वडा अध्यक्ष अर्जुन कुमार चौधरी र वडा सचिव माधव कुमार रायको सँलग्नता छ भन्ने व्यहोराको निवेदकको हस्तलिखित वयानबाट समेत प्रतिवादी अर्जुन कुमार चौधरीले सर्जमिन मुचुल्कामा सहिछाप गर्नको लागि निवेदकबाट अग्रिम रुपमा रकम वडा सचिव मार्फत घूस/रिसवत वापतको उक्त रकम प्राप्त गर्न आफु समेत साँझको रोहन होटलमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बरामद भएको सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादीहरु अर्जुन कुमार चौधरी र माधव कुमार रायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई विगो रु. ५०,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना समेत हुन मागदावी लिएको। | लगाएको तथ्यमा पूर्णतः ईन्कार रही बरामद भएको रकम यीनै प्रतिवादी माधव कुमार रायले मागेको हुन सक्छ भनी बयान गरेको।<br>(ख)प्रतिवादी अर्जुन कुमार चौधरीको हकमा मिसिल संलग्न प्रमाणबाट आरोप दावी पुष्टि हुन नआएको। | पुगी पूर्व निर्धारित योजना बमोजिम वडा सचिवले रकम लिएपछी वडा सचिवलाई नै गन्न लगाएको र उक्त रकम आफुलाई बाहिर लगेर दिनसमेत भनेको पुष्टि भएको।वडा अध्यक्ष आफ्नो वडाको हकमा निर्णय गर्ने पदाधिकारी समेत भएको हुँदा प्रस्तुत मुद्दामा सर्जमिन मुचुल्कामा सहीछाप गरी उक्त मुचुल्का प्रमाणित गर्ने अधिकार र दायित्व प्रतिबादी अर्जुन कुमार चौधरी मै अन्तर्निहित रहेको देखिएको। "एउटै विवादमा फरक फरक रुपमा संलग्न रहेका व्यक्तिहरुमध्ये निर्णयकर्तालाई निर्णयका संबन्धमा कुनै जिम्मेवार नगराई निर्णय कार्यान्वयन गर्नेलाई मात्र जिम्मेवार बनाउनु न्यायसंगत देखिदैन। निर्णयकर्तालाई आफूले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छुट दिइ मातहतका कर्मचारीहरुलाई मात्र जिम्मेवार बनाउंदा पूरा तवरले ईन्साफ हुन नसक्ने" भनी ने.का.प. २०६८, अंक ६, नि.नं ८६३६ भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको। उक्त नजिर सिद्धान्त समेतको प्रतिकूल हुने गरी मिसिल सम्लग्न प्रमाण कागजातहरुको उचित मूल्याङ्कन र विश्लेषण नगरी प्रतिवादीको साथबाट रकम बरामद नभएको र प्रतिवादी कसुरमा ईन्कार रहेको भन्ने सतही र आत्मगत आधार लिई आफुले मुचुल्कामा सहिछाप गर्ने हो भने सो वापत रु. ५०,०००।— चाहिन्छ भनि सोहि रकम प्राप्त गर्न साँझको समयमा रोहन होटल सम्म पुगेर वडा सचिवलाई आफनो लागि घुस/रिसवत लिन लगाई वारदातमा प्रमुख भुमिका निर्वाह गर्ने मुख्य कसुरदार (Principle Offender) वडा अध्यक्ष अर्जुन कुमार चौधरीलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण हुँदा पुनरावेदन गर्नुपर्ने अवस्था रहेको।<br>**(ख)** प्रतिवादी माधव कुमार रायले अदालत समक्ष वयान गर्दा आरोपित कसूरमा पूर्णतः ईन्कारी वयान गरेको देखिएता पनि निजले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा आफुसाथबाट घूस रिसवतको रकम बरामद भएको तथ्य स्वीकार गरेको भन्ने आधार लिई विशेष अदालत काठमाण्डौंले निज उपरको कसूर ठहर गरेको। अदालतले फैसला गर्दा आधार लिएको सोही वयानमा वडा अध्यक्षले रोहवरमा सहिछाप गर्न ३ महिनासम्म आलटाल गरेपछि आफुले निजसँग कुरा गर्दा ५/६ लाख जति रकम लिएर मात्र काम गर्छु भनेकोले अदालतबाट फैसला भएर आएको र कानून सम्मत हुने काम भएकोले गरीदिनुपर्छ भन्दा समेत निवेदकसँग रकम लिएर मात्र गर्छु भनी नमानेको हुँदा निवेदकसँग समय मिलाई रोहन होटलमा जाँदा सेवाग्राहीले वडा अध्यक्षलाई दिनुहोस् भनी रकम निकालेर दिएको हो। वडा अध्यक्षले उक्त रकम तपाईले बुझेर मलाई बाहिर लगेर दिनु भनेको हो भनी निज प्रतिवादी माधव कुमार रायले उल्लेख गरेको व्यहोराबाट प्रतिबादी अर्जुन कुमार चौधरीको कसुर खम्बिर भईरहेको। उही एउटै प्रमाण उनै प्रतिवादीहरुका हकमा उसै घटना तथ्यमा प्रतिवादीहरु बीच Admissible र Unadmissible हुन सक्दैन। कसूर पुष्टि भएका प्रतिबादीको हकमा प्रमाणमा लिईएको उक्त बयान अर्का प्रतिबादीको हकमा समेत उत्तिकै प्रमाणग्राह्य हुँदाहुँदै पनि उक्त बयान व्यहोरालाई प्रमाणमा नलिई प्रतिवादी अर्जुन कुमार चौधरीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी भएको हुँदा पुनरावेदन गर्नुपर्ने अवस्था रहेको। निवेदक अनिल कुमार साह लगायत वादीका साक्षीहरुले आफुले अनुसन्धानको क्रममा गरेको वयान व्यहोरा र सहीछाप सनाखत गर्दै अदालतमा बकपत्र गरीदिएको अवस्था रहेको। घटना सँग प्रत्यक्ष सम्बन्धित व्यक्तिले व्यक्त गरेको कुरा र अनुसन्धानको क्रममा तयार भएको लिखत प्रमाणग्राह्य हुने कानूनी व्यवस्था हुँदाहुँदै अनुसन्धानको क्रममा बिधिवत रुपमा तयार भएका कागजातहरुलाई प्रमाणमा नलिई आफुखुशी प्रमाणहरु ग्रहण गरी प्रतिवादी अर्जुन कुमार चौधरीलाई सफाई दिने गरी भएको फैसला प्रमाण ऐन २०३१ को दफा १० र १८ को कानूनी व्यवस्थाको समेत प्रतिकुल रहेको। मिसिल सँकलित प्रमाणहरुले कसूरदार देखाईरहेको अवस्थामा पनि प्रतिवादी अर्जुन कुमार चौधरीले अनुसन्धानको क्रममा कसुरमा ईन्कार रही वयान गरेको हुँदा निजको भनाइको सत्यता यकिन गर्न पोलिग्राफ परीक्षण गर्न निजले ईन्कार गरेको देखिएको। साथै कसूर ठहर भएका प्रतिबादी माधव कुमार रायको मोबाईल नम्बर र निवेदक अनिल कुमार शर्माले प्रयोग गर्ने मोबाईल बीच १५ पटक, अनिल कुमार साहको मोबाईल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नम्बर  र प्रतिबादी अर्जुन कुमार चौधरीले प्रयोग गर्ने मोबाईल नम्बर बिच ५ पटक सम्पर्क भएको कल डिटेल मिसिल सम्लग्न रहेको, प्रतिवादीहरु द्वय र उजुरकर्ता बिच भएका सम्पर्क गैरकानूनी लाभकै उद्देश्य बाहेक अन्यथा काम सन्दर्भबाट भएको नदेखिदा यी सम्बद्ध सबुद लगायतका प्रमाणहरुबाट समेत प्रतिवादी अर्जुन कुमार चौधरीकै योजनामा निजले भने अनुरुप घूस/ रिसवत लेनदेन भएको भन्ने प्रतिबादी माधव कुमार राय र निवेदक अनिल कुमार साहको मौकाको भनाई खम्बिर भईरहेको अवस्थामा  उल्लिखित प्रमाणहरुको विश्लेषण नगरी मुख्य कसुरदार अर्जुन कुमार चौधरीलाई सफाई दिने गरी भएको फैसला ईन्साफको रोहमा थप त्रुटिपूर्ण भई बदरभागी भएको हुँदा पुनरावेदन गरिएको छ। |